गाउँ कार्यपालिकाको बैठक औ

मिति २०८२/०६/०२

समयः विहान ७:०० बजे

आज मिती २०८२/०६/०२ गते यस टेम्केमैयुङ गाँउपालिकाका अध्यक्ष श्री सरोज बस्नेतको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

उपस्थीती

| | |
|---|---|
| श्री सरोज बस्नेत | गा.पा. अध्यक्ष |
| श्री रमादेवी राई | गा.पा. उपाध्यक्ष |
| श्री नर बहादुर राई | गा.पा. सदस्य |
| श्री बाल चन्द्र राई | गा.पा. सदस्य |
| श्री पूर्णप्रसाद राई | गा.पा. सदस्य |
| श्री हर्कराज राई | गा.पा. सदस्य |
| श्री सुनिल राई | गा.पा. सदस्य |
| श्री सूर्यप्रसाद नेपाल | गा.पा. सदस्य |
| श्री वाल वहादुर खड्का | गा.पा. सदस्य |
| श्री कृष्ण बहादुर बाँनिया | गा.पा. सदस्य |
| श्री नभराज माङ्गपाहाङ्ग | गा.पा. सदस्य |
| श्री मकना देवी चर्मकार | गा.पा. सदस्य |
| श्री ईन्दिरा घिमिरे राई | गा.पा. सदस्य |
| श्री सावित्रा फुयल | गा.पा. सदस्य |
| श्री सन्तोष राई | गा.पा. सदस्य |
| श्री कल्पना परियार | गा.पा. सदस्य |
| श्री गंगा बहादुर तामाङ | का.वा. वडा अध्यक्ष वडा नं. ८ |

श्री अदित दाहाल सचिव

बैठक समन्वय सहयोगी

ईन्जिनियर श्री रामकुमार तामाङ

लेखापाल श्री अर्जुनजंग बस्नेत

प्रशासन शाखा प्रमुख श्री गणेश प्रसाद धिमाल

सूचना प्रविधि अधिकृत श्री धिराज बस्नेत

कार्यालय सहयोगी श्री शोस्तिका कार्की

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठक समिक्षा सम्वन्धमा।
२. वडा दशैं, शुभ-दिपावली तथा छठ पर्वको शुभकामना सम्वन्धमा।
३. सड़क गुरूयोजना स्वीकृति सम्बन्धमा।
४. मुन्दुम पदमार्गमा चौतारा निर्माण सम्बन्धमा।
५. कर्मचारी सरुवा सहमति सम्बन्धमा।
६. श्रद्धाञ्जली तथा स्वास्थ्यलाभको कामना सम्बन्धमा।
७. विविध।

कल्पना

निर्णयहरू

निर्णय नं.१ अघिल्लो कार्यपालिका बैठक समीक्षा सम्बन्धमा।
अघिल्लो कार्यपालिकाको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नं.२ दशैं, शुभ-दिपावली तथा छठ पर्वको शुभकामना सम्बन्धमा।
नेपालीहरूको महान चाड बडादशैं, शुभ दिपावली तथा छठ पर्व २०८२ को पावन अवसरमा सम्पूर्ण टेम्केमैयुङबासी आमा, बुबा, दाजु, भाई, दिदी, बहिनीहरू, जनप्रतिनिधि तथा कर्मचारीहरू लगायत देशविदेशमा रहनु भएका सम्पूर्ण महानुभावहरूको सुख, शान्ति, सुस्वास्थ्य एवं दीर्घायु तथा उत्तरोत्तर प्रगतिको कामना सहित यी पर्वहरू शान्तिपूर्ण, सभ्य, सुसंस्कृत रूपमा मनाउनका लागि आवश्यक सहजीकरण सहित आग्रह गर्ने निर्णय गरियो।

निर्णय नं.३ सडक गुरूयोजना स्वीकृति सम्बन्धमा।
आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडक गुरूयोजना निर्माण भई अन्तिम प्रतिवेदन प्राप्त भएको हुँदा उक्त सडक गुरुयोजनाको प्रतिवेदन स्वीकृत गरी अघिल्लो आ.व.मा भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं.४ मुन्दुम पदमार्गमा चौतारा निर्माण सम्बन्धमा।
यस गाउँपालिकामा अवस्थित मुन्दुम पदमार्ग क्षेत्रको जुरे भन्ने स्थानमा चौतारा निर्माणको लागि ज्ञान्दिप राईले निवेदन पेश गरेको हुँदा सो वापतको लाग्ने राजस्व रु.२०,०००।–(बीस हजार) लिई उक्त स्थानमा मुन्दुम पदमार्गको संरचना मापदण्डमा रही चौतारा निर्माण गर्न अनुमति दिने निर्णय गरियो।

निर्णय नं.५ कर्मचारी सरुवा सहमति सम्बन्धमा।
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगरको मिति २०८२।०४।२५ को निर्णयानुसार बढुवा भई यस कार्यालयमा हाजिर भएका देहायका कर्मचारीहरूले आफ्नो घरायसी समस्याको कारण देखाई कार्यालयमा नियमितरूपमा रही कामकाज गर्न असमर्थ भएकाले अन्यत्र सरुवा भईजानका लागि सरुवा सहमति माग गरेको सन्दर्भमा निजहरूको मागलाई मध्यनजर गरि यस गाउँपालिकाबाट अन्यत्र सरुवा भई जान "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" को दफा २४(४) मा व्यवस्था भएबमोजिम सरुवा सहमति दिने निर्णय गरियो।
देहायः

| सि.नं. | कर्मचारीको नामथर | पद | श्रेणी।तह | सेवा।समूह |
|---|---|---|---|---|
| १ | अभिनाष राई | सहायक | सहायकस्तर पाँचौ | प्रशासन।समान्य प्रशासन |
| २ | सुनिल रिजाल | सहायक | सहायकस्तर पाँचौ | प्रशासन।समान्य प्रशासन |

निर्णय नं.६ श्रद्धाञ्जली तथा स्वास्थ्यलाभको कामना सम्बन्धमा।
मिति २०८२।०५।२३ र ०५।२४ मा देशव्यापी रूपमा भएको जेन-जी आन्दोलनका क्रममा ज्यान गुमाउनुभएका सम्पूर्ण व्यक्तिहरूमा हार्दिक श्रद्धाञ्जली तथा घाइते हुनुहुने सम्पूर्णलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्ने निर्णय गरियो।